# श्रम, रोजगार तथा यातायात मन्त्रालयको सरुवा तथा पदस्थापन मापदण्ड, २०८०

माननीय मन्त्रीज्यूबाट स्वीकृत
मिति २०८०।०६।१५

## प्रस्तावना

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २६ को उपदफा १ को खण्ड घ बमोजिम मन्त्रालय एवं मातहतका अधिकृतस्तर आठौं तहसम्मका कर्मचारीलाई सम्बन्धित मन्त्रालयको सचिवले सरुवा गर्नसक्ने व्यवस्था रहेको छ। बागमती प्रदेश, श्रम, रोजगार तथा यातायात मन्त्रालय र मातहतका कार्यालयमा कार्यरत जनशक्तिको प्रभावकारी रुपमा सरुवा र पदस्थापन प्रणाली कायम गर्नु जरुरी रहेकोले मन्त्रालयको आन्तरिक प्रयोजनार्थ यो "श्रम, रोजगार तथा यातायात मन्त्रालयको सरुवा तथा पदस्थापन मापदण्ड २०८०" स्वीकृत गरी लागू गरिएको हो।

## परिच्छेद एक
## संक्षिप्त नाम र परिभाषा

१ यो सरुवा मापदण्डको नाम "श्रम, रोजगार तथा यातायात मन्त्रालयको सरुवा तथा पदस्थापन मापदण्ड २०८०" हुनेछ।

२ यो मापदण्ड श्रम, रोजगार तथा यातायात मन्त्रालयले स्वीकृत गरी तोकेको मिति देखि लागू हुनेछ।

३ अन्यथा उल्लेख भएकोमा बाहेक यस मापदण्डमा :

क. "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई जनाउनेछ।

ख. "काज" भन्नाले प्रदेश निजामती सेवा ऐन को दफा २८ (२) बमोजिमको काज भन्ने जनाउनेछ।

ग. "सरुवा" भन्नाले प्रदेश निजामती सेवा ऐन को दफा २६ १(घ) बमोजिमको सरुवा भन्ने जनाउनेछ।

## परिच्छेद दुई
## कर्मचारी सरुवा सम्बन्धी सामान्य सिद्धान्तहरू

४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मार्गदर्शन समेतलाई समावेश गरी यस मन्त्रालयका लागि सरुवा तथा पदस्थापनाका निम्न सामान्य सिद्धान्तहरू अवलम्बन गरिनेछ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

प्रदेश सचिव

१. सेवा प्रवाह गर्ने निकाय तथा दुर्गम स्थानका कार्यालयहरूमा पद रिक्त नहुने गरी सरुवा गर्ने।

२. सामान्यतया कुनै पनि कर्मचारीलाई कुनै पनि भौगोलिक क्षेत्रमा न्यूनतम तोकिएको अवधि पुरा नभई सरुवा नगर्ने।

३. शुरु पदस्थापन गर्दा र तीन महिना भन्दा बढी अवधिको वैदेशिक अध्ययन तथा तालिम पुरा फर्केका कर्मचारीहरूलाई दुर्गम स्थानका सेवा प्रवाह गर्ने कार्यालयहरूमा पदस्थापन, सरुवा गर्ने।

४. कुनै पनि कर्मचारीलाई सामान्यतया २ बर्ष भन्दा बढी अवधि एउटै कार्यालयमा नराख्ने।

५. एउटै कार्यालयको एउटै शाखामा एउटै कर्मचारीलाई १ बर्ष भन्दा बढी अवधि नराख्ने गरी सेवा प्रवाह गर्ने निकायबाट व्यवस्था मिलाउनु पर्ने देखिएको।

६. कुनै कार्यालयमा यस अघि न्यूनतमअवधि पुरा गरिसकेका कर्मचारीलाई सोही कार्यालयको सोही पदमा सामान्यतया ५ वर्ष अवधि पुरा नभई दोहोर्याएर सरुवा नगर्ने।

७. राम्रो कार्यसम्पादन गर्ने सदाचारी तथा अनुशासित कर्मचारीलाई मागेको ठाँउमा सरुवा हुने गरी प्राथमिकता दिने। पुरस्कृत गर्नुपर्नेलाई दण्डित भएको महसुस गर्नेगरी र तोकिएको जिम्मेवारी इमान्दारिपूर्वक वहन नगर्नेलाई प्रोत्साहित हुने गरी सरुवा नगर्ने।

८. विभागीय कारवाहीको प्रक्रियामा रहेको कर्मचारीलाई सो कारवाही टुंगो नलागे सम्म अन्यत्र सरुवा नगर्ने। त्यस्ता कर्मचारीले सम्पादन गरी आएको कार्य अन्य कर्मचारीबाट गराउने ब्यवस्था गराउने।

९. कुनै कार्यालयमा तोकिएको जिम्मेवारी पुरा नगर्ने, कार्यालयको काममा समस्या सिर्जना गर्ने कर्मचारीलाई भरपर्दो आधार भएमा कार्यालय प्रमुख वा विभागीय प्रमुखको सिफारिसमा अभिलेख राखी अन्यत्र सरुवा गर्ने

१०. पदस्थापन वा सरुवा भएको कार्यालयमा हाजिर नभई अन्यत्र काजमा बसेको अवस्थामा काज खटिएकै कार्यालयमा काम गरेको मानी अवधिको गणना गर्ने।

११. काज खटाइएको वा पदस्थापन वा सरुवा भएको कार्यालयमा हाजिर नभै अन्यत्र सरुवा नगर्ने।

प्रदेश सचिव

प्रदेश सचिव

१२. कुनै कार्यालयमा कार्यरत कर्मचारीहरू मध्ये सरुवा गर्दा सबभन्दा लामो समय एउटै कार्यालयमा कार्यरत कर्मचारीलाई पहिले सरुवा गर्ने नीति लिइनेछ।

१३. यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कार्यालयमा कार्यरत कर्मचारीहरू दरबन्दी अन्यत्र नभएमा, विशेषज्ञताको पद, प्राविधिक पदमा कार्यरत कर्मचारीको सरुवा गर्दा सेवा प्रवाह नै प्रभावित हुने देखिएमा मन्त्रालयले आवश्यकता हेरी दुई बर्ष भन्दाबढी अवधि एउटै कार्यालयमा खटाउन सक्नेछ।

१४. दीर्घ रोगी, मुटु रोगी कडा रोग, अपाङ्ग तथा अशक्त, गर्भवतीहरूको सरुवा, काज तथा पदस्थापना गरी सम्भव भए सम्म पायक पर्ने स्थानमा गरिनेछ।

५. कर्मचारीहरूको सरुवा प्रयोजनको लागि कार्यालयको वर्गीकरण

"घ" वर्गका कार्यालयः यातायात व्यवस्था कार्यालय, खुर्कोट, सिन्धुली

"ग" वर्गका कार्यालयः यातायात व्यवस्था कार्यालय, हेटौडा, मकवानपुर/यातायात व्यवस्था सेवा कार्यालय, सानोभर्याङ्ग, काठमाडौ र यातायात व्यवस्था सेवा कार्यालय, सल्लाघारी, भक्तपुर

"ख" वर्गका कार्यालयः यातायात व्यवस्था कार्यालय, मोटरसाइकल, गुर्जुधारा, काठमाडौ यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र, एकान्तकुना, ललितपुर/चावहिल, काठमाडौ/ठुलोभर्याङ्ग, काठमाडौ र राधे राधे, भक्तपुर/यातायात व्यवस्था कार्यालय, भरतपुर, चितवन

"क" वर्गका कार्यालयः यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी, एकान्तकुना, ललितपुर

६. कर्मचारीहरूको सरुवा/पदस्थापन गर्दा निम्नानुसार गरिनेछ।

क. अन्यत्रबाट मन्त्रालयमा पदस्थापन/ सरुवा भई आउने कर्मचारीको पद मिलेसम्म क्रमशः "घ", "ग", "ख" र "क" वर्गका कार्यालयहरूमा सरुवा वा काज वा पदस्थापन गरिनेछ।

ख. अन्यत्रबाट मन्त्रालयमा पदस्थापन/सरुवा भई आउने कर्मचारी प्रमुखको जिम्मेवारी नदिने।

ग. बागमती प्रदेशमा समायोजन भएका कर्मचारीहरूलाई पदस्थापन/ सरुवा गर्दा प्राथमिकतामा राखी गरिनेछ।

प्रदेश सचिव

प्रदेश सचिव

घ. "घ" वर्गको कार्यालयमा एक कार्यकाल पुरा गरेका कर्मचारीलाई "क" वर्गको कार्यालयमा सरुवा गर्ने।

ङ. "ग" वर्गको कार्यालयमा एक कार्यकाल पुरा गरेका कर्मचारीलाई "क" वा "ख" वर्गको कार्यालयमा सरुवा गर्ने।

च. "ख" वर्गको कार्यालयमा एक कार्यकाल गरेका कर्मचारीलाई "क", "ग" र "घ" वर्गको कार्यालयमा सरुवा गर्ने।

छ. "क" वर्गको कार्यालयमा एक कार्यकाल गरेका कर्मचारीलाई "घ", "ग" र "ख" वर्गको कार्यालयमा सरुवा गर्ने।

## परिच्छेद तीन
## विविध

७ यस मापदण्डमा लेखिएको कुनै पनि कुरा प्रदेश निजामती सेवा ऐन २०७९ सँग बाझिएमा ऐन बमोजिम हुने र अन्य कुराहरू यस मापदण्ड बमोजिम हुनेछ।

८ समय समयमा यस मापदण्ड उपर पुनरावलोकन गरी मन्त्रालयले कामको प्रकृति, कार्यबोझ, कर्मचारीको रुचिको अवस्था, एवम् संगठनको आवश्यकता अनुसार यस मापदण्डको कुनै पनि परिच्छेद, बुँदामा हेरफेर तथा थपघट गर्न सक्नेछ।

प्रदेश सचिव